Citizens Bank

Citizens Bank International Limited
Narayanhiti Path,Kathmandu,Nepal
Tel: 01-4527842/43/24
Fax: 01-4527044, Po Box No: 19681
E-mail: info@ctznbank.com
URL: www.ctznbank.com
Swift Code: CTZNNPKA

Ref:CBIL/COM/081/82-1169

मिति: २०८१/०६/२०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार, काठमाण्डौं ।

**विषयः १८ औं वार्षिक साधारण सभा बस्ने जानकारी सम्बन्धमा ।**

महोदय,

यस बैंकको मिति २०८१/०६/२० गते बसेको संचालक समितिको ४६५ औं बैठकले निर्णय गरे अनुसार यस बैंकको निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न अठारौं वार्षिक साधारण सभा बस्ने भएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ ।

**१. सभा हुने मिति, स्थान र समय**

सभा हुने मिति :-२०८१ साल कार्तिक १२ गते (तदअनुसार अक्टोबर २८, २०२४), सोमबार
स्थान :-अमृतभोग, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौं ।
सभा सुरु हुने समय :- बिहान ९:०० बजे ।

**२. छलफलका विषयहरु :**

**क. साधारण प्रस्तावहरु**

१. आ.व. २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्मको नाफा नोक्सानको हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमाथि छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार कर प्रयोजनार्थ ०.२१ प्रतिशतका दरले हुन आउने रु. २,९८,९६,७८७.३८/- बराबरको नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/०८२ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. बैंकको मिति २०८१/०१/२६ गतेको सञ्चालक समितिको ४५० औं बैठकद्वारा सोही मितिबाट लागु हुने गरी बैंकको सर्वसाधारण शेयरधनीको तर्फबाट सञ्चालकमा श्री इला शर्मालाई र मिति २०८१/०३/२४ गतेको सञ्चालक समितिको ४५६ औं बैठकद्वारा सोही मितिबाट लागु हुने गरी बैंकको संस्थापक शेयरधनीको तर्फबाट सञ्चालकमा श्री अनिल कुमार ज्ञवालीलाई नियुक्त गरिएको निर्णयलाई अनुमोदन गर्ने ।

Rajina

**ख.** **विशेष प्रस्तावहरु**

१. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ४ प्रतिशतका दरले हुन आउने रु. ५६,८०,३८,९६०.२३/- बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चलअचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. (क) बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने ।

(क-१)बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा ।

(क-२) बैंकको शेयरको किसिम सम्बन्धमा ।

(क-३) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धमा ।

(ख) बैंकको नियमावलीमा संशोधन गर्ने ।

(ख-१) गणपूरक संख्या सम्बन्धमा ।

(ख-२) संचालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या सम्बन्धमा ।

(ख-३) मतदान गर्ने अधिकार सम्बन्धमा ।

(ख-४) शेयरधनीको हक तथा विशेष सुविधाको सम्बन्धमा ।

(ख-५) अग्राधिकार शेयर सम्बन्धी व्यवस्था ।

(ख-६) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई सञ्चालकको बैठक भत्ता तथा सुविधा वृद्धि गर्ने गरी नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

४. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध**

CITIZENS BANK INTERNATIONAL LTD. Citizens YOUR PARTNER FOR PROGRESS Corporate Office सिटिजन्स बैंक इन्टरनेशनल लि.

भवदीय,

Rajendra

राजेन्द्र लाल श्रेष्ठ
कम्पनी सचिव